# बागमती नगरपालिकाको

# स्थानीय राजपत्र

## बागमती नगरपालिकाद्धारा प्रकाशित

खण्डः ९ संख्याः १२ मिति : ३० कात्तिक २०८२ साल

भाग-१

## बागमती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कर्मैया, सर्लाही
## मधेश प्रदेश नेपाल

बागमती नगरपालिकाको नगर कार्यपालिकाले निम्न लेखिए बमोजिमको (बागमती नगरपालिका लैससास आचार संहिता, २०८२) सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

संवत् २०८२ सालको आचार संहिता नं.१२

# बागमती नगरपालिका लैससास आचार संहिता

**नगरसभाबाट पारित मिति : २०८२/०९/२८**

पालिकाको भौतिक पूर्वाधार तथा संरचना र कार्यप्रणाली महिलामैत्री, अपाङ्गमैत्री, बालबालिकामैत्री, जेष्ठ नागरिकमैत्री, यौनिक तथा लैङ्गिक अल्पसंख्यकमैत्री हुने व्यवस्था गर्ने र पूर्व निर्मित संरचनाहरुलाई तदनुसार व्यवस्था मिलाईनेछ ।

पालिकाले सेवा दिदा औपचारिक, संवेदनशील भाषा, भद्र र सिष्ट व्यवहार गर्नु पर्नेछ । लैंङ्गिक विभेद हुने र सामाजिक रुपमा गाली गलौज हुने किसिमको शब्दावली प्रयोग गर्न पाउने छैन । यदि विभेदपूर्ण व्यवहार गरेमा उजुरी दिने व्यवस्था छ र उजुरी परेमा कारवाही गरिनेछ ।

पालिकाले सेवा दिदा वा नागरिकहरुले सेवा लिंदा लैंङ्गिक विभेद, हिंसा र बन्चितीकरण वा सिमान्तकृत हुने व्यवहार गर्न पाईने छैन, गरेमा सो अवस्थाको उजुरी दिने व्यवस्था छ र उजुरी परेमा कारवाही गर्नेछ ।

पालिकाले दिने सेवा, सुविधा र सेवा लिने स्थानबारेमा नागरिक वडापत्र वा अन्य माध्यमबाट सबै नागरिकलाई सुसुचीकृत हुने गरी सचेत गराइनेछ । कुनै अवस्थामा सहयोग चाहिएमा सोधपुछ कक्ष वा सम्पर्क व्यक्ति र हेल्प डेक्सको व्यवस्था गरी सो अनुरुप सहयोग गर्नेछ ।

पालिकाका कर्मचारी र पदाधिकारी सम्बन्धी आचार संहिता स्विकृत गरी वेभसाईट र अरु प्रचार प्रसारको माध्यमबाट सबै नागरिहरुलाई सुसुचीकृत गर्नेछ । यदि आचार संहिता उलंघन गरेमा वा भएमा नियम बमोजिम कारवाहि गर्नेछ ।

कार्यालयमा हुने हरेक क्रियाकलापहरुको प्रभावकारी र पारदर्शीरुपमा सूचना प्रबाह गर्नेछ ।

पालिकाको परिषदमा सि.सि क्यामेराको व्यवस्था गरेको छ यदि केहि अभद्र व्यवहार भएमा वा आफ्नो ईच्छा विपरित कर्मचारी वा पदाधिकारी बाट सेवा लिन आउने नागरिकहरु र विशेष गरि महिला, बालिका, अपाङ्गता भएको व्यक्ति वा लैङ्गिक तथा यौनिक अल्पसंख्यकबाट फाइदा उठाउन खोजेमा आफै वा अरु पर्यवेक्षकबाट उजुरी दिन सक्नेछ र उजुरी गरेपछि नियम अनुसार कारवाही गर्नेछ ।

कुनै लिङ्ग, वर्ण, भाषा, धर्म, संस्कृति, जनजाती वा आस्थाका आधारमा कुने किसिमको विभेद गर्ने छैन ।

पालिकामा क्षेत्रमा यैान दुरव्यवहार, हिंसा, गाली गलौजको लागि शुन्य सहनशीलताको रणनीति बनाई पालिका वा वडा कार्यालयमा प्रभावकारी कार्यान्वयन गर्नेछ ।

पालिकाले दिने सेवा सुविधा समयअवधिमा नै सकेसम्म छिटो दिनु पर्नेछ । गभवती, सुत्केरी, सानो बच्चा सहितको आमा, अपाङ्गता भएको व्यक्ति, जेष्ठ नागरिक वा स्वास्थ अवस्था कमजोर भएका व्यक्तिहरुको लागि प्राथमिकताका साथ छिटो भन्दा छिटो सेवा प्रदान गर्नेछ । यदि केहि अनाहक ढिला सुस्ती गरेमा

कारवाही गरिनेछ । पालिकाले दिने सेवा सुविधा दिने बेलामा भ्रष्टाचार वा अरु कुनै किसिमको प्रलोवन वा फाईदा लिन खोजेको भेटाएमा कारवाहि गर्नेछ ।

पालिकाले दिने सेवा र सुविधामा सबैको समान पहुँच बृद्धि गर्न विभिन्न माध्यम र विधिहरुको प्रयोगबाट सबै नागरिकहरुलाई सुसुचीतिकृत गर्न विभिन्न प्रचार प्रसारको माध्यमहरु र सूचना दिने डेक्सको व्यवस्थाबाट पनि गर्नेछ। नागरिहरुलाई उनीहरुको सूचनाको हक पाएको प्रत्याभुती हुने गरी कार्य गर्नेछ।

पालिकामा सबैले देख्ने गरी उजुरी पेटिका र सुझाव पेटिको व्यवस्था गर्नेछ । उजुरी परेमा निरुपक्ष न्यायिक समिति गठन गरी न्याय दिने कार्य गर्नेछ। सुझाव संकलन भएमा आवश्यकता अनुरुप समाधान तुरुन्तै गर्नेछ ।

यस्ता क्रियाकलापहरु भएको जानकारी दिन नेपाल प्रहरीको सहयोगको लागि फोन नं १००, बालबालिकाको खोजतलास केन्द्रको लागि फोन नं १०४, बाल हेल्पलाईन नं १०९८, राष्ट्रिय महिला आयोगबाट संचालित महिला हिंसा सम्बन्धी उजुरी गर्नु परेमा फोन नं ११४५ मा गर्ने ।

**प्रमाणीकरण मिति २०८२/०९/२९**

**आज्ञाले**
**श्री प्रतीत भण्डारी**
**प्रमुख प्रशासकिय अधिकृत**